

# विद्युत् प्रसारण आयोजना कार्यान्वयन र वन क्षेत्रमा पर्ने प्रभाव केही सामान्य प्रश्नोत्तर

MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

**१. एमसिए-नेपालको विद्युत् प्रसारण आयोजनाका लागि सामुदायिक वनका जग्गा किन आवश्यक परेको हो ?**

प्रसारण टावर निर्माण तथा प्रसारण लाइनको भोगाधिकार (राइट अफ वे) का लागि जग्गा आवश्यक पर्दछ । एमसिए-नेपालले सकेसम्म वन क्षेत्रको न्यूनतम प्रयोग गर्न प्रयास गरेको छ । तैपनि सामुदायिक वन तथा कबुलियती वनसहितका केही वन क्षेत्र प्रयोग नगरी नहुने भएको छ ।

**२. सामुदायिक वनलाई छलेर आयोजनालाई अगाडि लाने केही उपाय बाँकी छन् कि ?**

छैन । वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका क्रममा सम्भव भएका सम्पूर्ण विकल्प खोजिएको थियो । सामुदायिक वन तथा कबुलियती वनसहितका केही वन क्षेत्र प्रयोग नगरी यो आयोजना निर्माण गर्न सम्भव छैन ।

**३. विद्युत् प्रसारण आयोजनाबाट सामुदायिक वन उपभोक्तामाथि पर्ने नकारात्मक प्रभाव के के हुन् ?**

तीन वटा नकारात्मक प्रभाव पर्नेछन् । पहिलो, प्रसारण टावर निर्माणका लागि प्रयोग गरिँदा वन क्षेत्र घट्नेछ । दोस्रो, रुखका माथिल्ला भाग र प्रसारण तारबीच कायम गर्नुपर्ने दूरीका कारण भोगाधिकारमा पर्ने जग्गामा अग्ला रुख हुर्काउन नपाइने स्थायी प्रतिबन्ध लाग्नेछ । तेस्रो, प्रसारण टावरले ओगट्ने वन क्षेत्रका सबै रुख तथा मार्गाधिकारमा पर्ने केही अग्ला रुख कटान गर्नुपर्ने भएकोले वनस्पतिको सङ्ख्या र जैविक विविधता केही मात्रामा घट्नेछ ।

**४. सामुदायिक वनमा आश्रित प्रभावित परिवारहरूलाई आयोजनाले कस्ता विकल्प तथा सहयोग उपलब्ध गराउनेछ ?**

यस आयोजनाले आयोजनाबाट प्रभावित घरपरिवारका सबै सदस्यको जीविकोपार्जनमा परेका सम्पूर्ण प्रभावबारे अध्ययन तथा मूल्याङ्कन गर्नेछ । घरपरिवारको जीविकोपार्जनलाई कृषि वा सीपमूलक कार्यक्रमका माध्यमबाट पुनःस्थापित गर्ने वा प्रतिस्थापन गर्ने लक्ष्य आयोजनाले लिएको छ तर सामुदायिक वा कबुलियती वनमा आधारित घरपरिवार जीविकोपार्जनलाई सबैभन्दा राम्ररी कसरी प्रतिस्थापन गर्न सकिन्छ भन्नेबारे प्रत्येक सामुदायिक/कबुलियती वन उपभोक्ता समूहसँग परामर्श भने गरिनेछ ।

परामर्शपछि आयोजनाले सामुदायिक तहको हक तथा जीविकोपार्जन पुनःस्थापना योजना तयार गर्नेछ । उक्त योजना तर्जुमा गर्ने क्रममा हाल भइरहेको वन्यस्रोतको प्रयोग र त्यस्ता स्रोतमा आयोजनाबाट पर्ने प्रभावलाई पनि सम्मिलित गरिनेछ ।

**५. सामुदायिक/कबुलियती वनका रुख कटान गरिएबापत यी वनले के पाउनेछन् ?**

आयोजनाले कटान गरिएका रुखहरू सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन उपभोक्ता समूहलाई नेपाल सरकारको वन नियमावलीहरू अनुसार हस्तान्तरण गरिनेछ । आयोजनाका कारण परेको नकारात्मक प्रभावबापत् आयोजनाले सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन उपभोक्ता समूहलाई जीविकोपार्जन पुनःस्थापना कार्यक्रम वा क्षतिपूर्तिका अन्य उपयुक्त तरिकाबाट पनि क्षतिपूर्ति उपलब्ध गराउनेछ ।

**६. रुख काटिएबापत् कति रुख कहाँ कहिले लगाइनेछन् ?**

आयोजनाले काटिएका प्रत्येक रूखबापत १० वटा नयाँ रूख रोप्नेछ । वृक्षरोपण नेपाल सरकारको वन नियमावली अनुसार वन तथा भूसंरक्षण विभागले तोकेको वन क्षेत्रमा गरिनेछ ।

**७. प्रभावित सामुदायिक वनमा मात्र पाइने रैथाने जातका रुखहरूको सोधभर्ना कसरी गरिनेछ ?**

क्षतिपूर्ति स्वरूप गरिने वृक्षरोपणका क्रममा रैथाने जातका रूखहरूलाई प्राथमिकता प्रदान गरिनेछ ।

**८. वनविनाशबाट प्रभावित हुने स्थानीय वातावरणीय, सामाजिक, आर्थिक तथा जैविक विविधतालाई कसरी सम्बोधन गरिनेछ ?**

सामाजिक तथा आर्थिक नकारात्मक प्रभावको क्षतिपूर्ति गर्नका लागि जीविकोपार्जन पुनःस्थापना कार्यक्रम कार्यान्वयन गरिनेछ । वातावरण तथा जैविक विविधतामा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न क्षतिपूर्तिस्वरूप वृक्षरोपण गरिनेछ ।

**९. वन कटानीको क्षतिपूर्तिस्वरूप गरिने वृक्षरोपण भनेजत्तिकै र समयसीमाभित्र गरिनेछ भन्ने प्रत्याभूति कसरी हुन्छ ?**

एमसिए-नेपालले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा क्षतिपूर्तिस्वरूप वृक्षरोपण गर्नेसम्बन्धमा स्पष्ट प्रतिबद्धता व्यक्त गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा व्यक्त गरिएको प्रतिबद्धता पालना गरिएको प्रत्याभूतिका लागि उक्त प्रतिवेदनमा एउटा सशक्त अनुगमन संयन्त्र पनि समावेश गरिएको छ ।

**१०. एमसिए-नेपाल साझेदारी कार्यक्रम (एमपीपी) भनेको के हो ? यसबाट सामुदायिक वन उपभोक्ता समुदाय कसरी लाभान्वित हुन सक्छन् ?**

एमसिए-नेपाल साझेदारी कार्यक्रम (एमपीपी) विद्युत्को भरपर्दो स्रोतमा पहुँच बढाएर तथा उत्पादनशील उद्देश्यका लागि विद्युत्को प्रयोग बढाएर प्रभावित समुदायहरूलाई विद्युत् प्रसारण आयोजनाका लाभ प्रत्यक्ष रूपमा उपलब्ध गराउने उद्देश्यले तयार गरिएको लाभ आदानप्रदान कार्यक्रम हो । यस कार्यक्रममा ग्रीड विस्तार, बिजुलीका लट्ठा प्रतिस्थापन, ट्रान्सफर्मर प्रतिस्थापन, कण्डक्टर प्रतिस्थापन, घरधुरी, विद्यालय तथा अस्पतालहरूलाई गैर-ग्रीड सहयोग तथा लिफ्ट खानेपानी आपूर्ति योजना जस्ता कार्यक्रमहरू समेटिएको छ ।

**११. एमसिए-नेपालको कार्यक्रममा स्थानीयले रोजगारी पाउँछन् कि पाउँदैनन् ?**

पाउँछन् । आयोजना निर्माण अवधिमा करिब ७,३०० पूर्णकालीन रोजगारी सिर्जना हुनेछ । तीमध्ये करिब ८० प्रतिशत रोजगारी स्थानीय वासिन्दाबाट आपूर्ति गर्न सकिन्छ । आयोजना कार्यान्वयन चरणमा करिब दुई सय पूर्णकालीन नियमित रोजगारी पनि सिर्जना हुनेछ ।

**१२. काटिएका रूखको स्वामित्व कोसँग हुन्छ? सम्बन्धित सामुदायिक/कबुलियती वनले प्रयोग गर्न पाउँछन् कि पाउँदैनन् ?**

काटिएका रूखको स्वामित्व सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन उपभोक्ता समूहसँग हुनेछ ।

**१३. सामुदायिक वनमा संरक्षित जैविक विविधताको व्यवस्थापनका लागि आयोजनाले कस्तो सोच बनाएको छ ?**

जैविक विविधता संरक्षणका लागि निम्नलिखित क्रियाकलाप सञ्चालन गरिनेछ :

- रूख कटानसम्बन्धी सुरक्षा मापदण्ड पालना गर्नका लागि आवश्यक रूख कटानलाई सीमित पार्ने;
- आयोजनाद्वारा काटिएका प्रत्येक रूखबापत १० वटा रूख रोप्ने;
- प्रभावित क्षेत्रमा रैथाने/अनाक्रमक प्रजातिका वनस्पति पुनःरोपण गर्ने;
- विद्युत् प्रसारण आयोजनाको निर्माण कार्यबाट प्रभावित क्षेत्रमा वनस्पतिका कुनै आक्रामक प्रजाति भएको नभएको अनुगमन गरी पाइएमा हटाउने;
- चरा ठोक्किने सम्भावना न्यूनीकरण गर्न दृश्यात्मकता बढाउने सामग्री राख्ने तथा तिनीहरूको स्याहारसम्भार गर्ने;
- पशुपक्षीको शिकार रोकथाम गर्नका लागि कामदार तथा समुदायका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै आचारसंहिता लागू गर्ने;
- आगलागी नियन्त्रणका लागि आगलागी व्यवस्थापन योजना कार्यान्वयन गर्ने;
- प्रसारण लाइनले ओगट्ने भोगाधिकार क्षेत्रमा गैरकाष्ठ वन पैदावार तथा होचा बागवानी प्रजातिको प्रवर्द्धन गर्ने ।

**१४. सामुदायिक वनभित्र रहेका धार्मिक सम्पदा, जलस्रोतको संरक्षण तथा व्यवस्थापनसम्बन्धमा आयोजनाको के कस्ता कार्यक्रम छन् ?**

आयोजनाले प्रसारण लाइन जाने मार्गलाई अन्तिम रूप प्रदान गर्दा धार्मिक तथा सांस्कृतिक सम्पदा एवं सामुदायिक/कबुलियती वनमा पर्ने जलस्रोत कुनैलाई पनि छोएको छैन । भविष्यमा उक्त मार्गमा कुनै धार्मिक तथा सांस्कृतिक सम्पदा पाइएमा आयोजनाले सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह/कबुलियती वन उपभोक्ता समूहसँग परामर्श गरी प्रभाव न्यूनीकरणका लागि उपयुक्त पहल तयार गरी कार्यान्वयन गर्नेछ ।

**१५. ईएमएफ भनेको के हो ?**

ईएमएफ भनेको "विद्युतीय तथा चुम्बकीय क्षेत्र" हो । विद्युत् प्रसारण गर्ने तारले यस्तो क्षेत्र सिर्जना गर्न सक्छ ।

**१६. प्रसारण लाइनबाट सिर्जना हुने ईएमएफबाट स्वास्थ्यमा के कस्तो प्रभाव पर्छ?**

ईएमएफबाट जनस्वास्थ्यमा पर्ने प्रभावबारे विश्वमा विगत तीस वर्षदेखि अध्ययन भइरहेको छ । ती अध्ययनको निष्कर्षका अनुसार ईएमएफसँगको सम्पर्कबाट कुनै रोग लाग्दैन वा स्वास्थ्यमा अन्य प्रभाव पर्दैन । प्रसारण लाइनले उत्सर्जन गर्ने चुम्बकीय क्षेत्र निकै कमजोर हुन्छ र यसले मानिसको स्वास्थ्यमा कुनै प्रभाव पार्न सक्दैन । यसका अतिरिक्त भवन, पर्खाल, रूख तथा अन्य कुराले चुम्बकीय क्षेत्रको विस्तारमा अवरोध सिर्जना गर्दछन् । यससम्बन्धी अध्ययनबाट पत्ता लागेका तथ्यहरूलाई विश्व स्वास्थ्य सङ्गठन लगायतका विभिन्न संस्थाका कैयौं विशेषज्ञ समूहले समीक्षा गरेका छन् । अध्ययनबाट प्राप्त तथ्यहरू ईएमएफबाट मानवीय स्वास्थ्यमा प्रभाव पार्छ भन्ने कुरालाई प्रमाणित गर्नका लागि पर्याप्त नभएको निष्कर्ष ती विशेषज्ञ समूहले निकालेका छन्, तैपनि त्यस्ता चुम्बकीय क्षेत्रसँगको सम्पर्कलाई कम गर्न सामान्य पहल गर्नु राम्रै हुने सुझाव भने उहाँहरूले दिनुभएको छ । पूर्वसावधानीका रूपमा नेपालको विद्युत् नियमावलीले ४०० केभी प्रसारण लाइनको भोगाधिकार क्षेत्रमा पर्ने ४६ मिटरमा आवासीय भवन निर्माण गर्नमा प्रतिबन्ध लगाएको छ ।

**१७. ४०० केभी प्रसारण टावरका लागि कति जग्गा चाहिन्छ ?**

एउटा ४०० केभी प्रसारण टावरका लागि करिब ४०० वर्गमिटर जग्गा (करिब एक रोपनी; एक रोपनी = ५०८.७४ वर्गमिटर) चाहिन्छ ।

**१८. ४०० केभी प्रसारण लाइनको भोगाधिकारका लागि कति जग्गा चाहिन्छ ?**

४०० केभी प्रसारण लाइनको भोगाधिकार ४६ मिटर (प्रसारण लाइनको मध्यविन्दूको दायाँ २३ मिटर र बायाँ २३ मिटर) हुनेछ ।

**१९. प्रसारण लाइनले गर्दा बढी चट्याङ पर्छ ?**

त्यस्तो हुँदैन । वास्तवमा यसको उल्टो हुन्छ । अग्ला प्रसारण टावरमा रहेका शिल्ड वायरहरूले चट्याङबाट उत्सर्जित करेण्टलाई समातेर भूईंतिर मोडिदिन्छन् र यसले गर्दा नजिकका क्षेत्रमा हुनसक्ने क्षतिको सम्भावना कम हुन्छ ।

**२०. प्रसारण लाइनमुनिका सामुदायिक/कबुलियती वनमा काम गर्दा करेण्ट लाग्ने जोखिम हुन्छ ?**

त्यस्तो जोखिम हुँदै हुँदैन भने हुन्छ । प्रसारण लाइनका तारहरू रूखभन्दा माथि हुन्छन् र तार चुँडिने सम्भावना निकै कम हुन्छ ।


**सम्पर्कका लागि :**

**मिलेनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**

लालदरबार सम्मेलन केन्द्र, याक एण्ड यति परिसर, दरबार मार्ग, काठमाडौं, नेपाल

+९७७-१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org


*विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास*